# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, आषाढ १८ गते २०३० साल [ अतिरिक्ताङ्क १८+(क)

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

१. भन्सार महसूलः– मिति २०३०।३।१८ देखि नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा अनुसूची १,२,३ र ४ बमोजिम भन्सार महसूल लगाइने र असूल उपर गरिनेछ ।

२. बिक्री करः– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम बिक्री कर लगाइने र असूल उपर गरिनेछ ।

३. हवाई उडान करः– आर्थिक वर्ष २०३०।३१ मा अन्तरराष्ट्रिय हवाई उडानमा यात्रुहरूलाई आर्थिक ऐन, २०२९ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ ।

४. पानी करः– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम पानी कर लगाइने र असूल उपर गरिनेछ ।

५. आय टिकट दस्तूरः– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम आय टिकट दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. आय करः– (१) आर्थिक वर्ष २०३०।३१ मा खेती लगायत सबै किसिमको आयमा आर्थिक ऐन, २०२९ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

(२) २०३० साल श्रावण १ गते जग्गावाल कायम रहेका व्यक्ति वा दम्पती वा परिवारको १० विघा वा सो बराबरको जग्गाको आयलाई गणना नगरी त्यसभन्दा बढी जग्गाको आयलाई अनुसूची ५ बमोजिम निर्धारण गरी अन्य आय भए सो समेत जोडी उपदफा (१) बमोजिम आय कर लगाई असूल उपर गरिनेछ ।

७. शहरी क्षेत्रको घर जग्गामा करः– आर्थिक वर्ष २०३०।३१ मा शहरी क्षेत्रको घर जग्गामा अनुसूची ६ बमोजिम घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

८. ठेक्का करः– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम ठेक्का कर लगाइने र असूल उपर गरिनेछ ।

९. होटेल करः– आर्थिक वर्ष २०३०।३१ मा होटेल, होटेल अन्तर्गतको बार रेष्टुरां लगायत अन्य बार रेष्टुरांमा आर्थिक ऐन, २०२९ बमोजिम होटेल कर लगाइने र असूल उपर गरिनेछ ।

१०. रोपवे करः– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम रोपवे कर लगाइने र असूल उपर गरिनेछ ।

११. मालपोतः– (१) आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम मालपोत लगाइने र असूल उपर गरिनेछ ।

१२. रजिष्ट्रेशन दस्तूरः– आर्थिक वर्ष २०३०।३१ सम्म आर्थिक ऐन, २०२९ बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ । तर अनुसूची ७ मा उल्लेख भएका विषयमा भने सोही अनुसूचीमा उल्लेख भएबमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१३. पानी पोतः– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम पानी पोत लगाइने र असूल उपर गरिनेछ ।

१४. सवारी करः– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम सवारी कर लगाइने र असूल उपर गरिनेछ ।

तर सवारी कर ऐन, २०१८ अन्तर्गत श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका राजमार्गहरूको खण्ड खण्डमा भने सोही सूचनामा तोकिए बमोजिम सवारी कर लगाइने र असूल उपर गरिनेछ ।

१५. सवारी साधन करः– आर्थिक वर्ष २०३०।३१ मा ट्रक बस बाहेक अरू सबै शक्ति संचालित स्थलगामी सवारी साधनमा अनुसूची ८ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

१६. हातहतियारमा करः– मिति २०३०।३।१८ देखि हातहतियारहरूमा अनुसूची ९ बमोजिम कर लगाइने र असूल उपर गरिदिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भन्सार महसूल दरवन्दी

## अनुसूची–१

गणतन्त्र चीनको तिब्बत क्षेत्र बाहेक अन्य मुलुकहरुमा नेपाल अधिराज्यबाट निकासी हुने मालवस्तुहरूको भन्सार महसूल दरवन्दी

| संकेत नम्बर | माल वा वस्तुको नाम | इकाई | निकासी महसूल दर |
|---|---|---|---|
| २११–०१ | गाई, गोरू, रांगा, भैंसी, चौंरी, लुसुवा, झोपा र ऐंजनका बाछाबाछी, पाडा-पाडीको काँचो छाला | थान १ को रू. | ६।– |
| २११–०२ | गाई, गोरू, रांगा, भैंसी,लुसुवा, चौंरी, झोपा र ऐंजनका बाछाबाछी, पाडापाडीको तयारी छाला | थान १ को रू. | ३।५० |
| २११–०३ | भेंडा, बाखा, बोका, खसी, च्यांग्रा, र ऐंजनका पाठापाठीको काँचो छाला | थान १ को रू. | ३।– |
| २११–०३(क) | भेंडा, बाखा, बोका, खसी, च्यांग्रा, र ऐंजनका पाठापाठीको तयारी छाला | थान १ को रू. | १।– |
| ०२३–०२१ | घीउ | किलोग्राम रू. | ।४० |
| ०४२–०१ | धान | किलोग्राम रू. | ।१० |
| ०४२–०२ | चामल र चामलको कनिका | किलोग्राम रू. | ।६० |
| २८२–०१ | फलाम र फलामको पत्‍ु, टुक्राटाक्री, टेम्पर नभएको रेलको फलाम स्प्रिंग समेत | किलोग्राम रू. | ।२५ |
| २८४–०१ | तामा, पितल ,कांसका धातुका पत्‍ु र टुक्रा | किलोग्राम रू. | १०।– |
| २८४–०१(क) | अरू पत्रुहरू | किलोग्राम रू. | ३।– |
| २९२–०१७ | तयारी खयर (कत्था) | किलोग्राम रू. | १।– |
| २९२–०१७ | कच्छ (खयरको धूलो) | किलोग्राम रू. | ।७५ |

उपर्युक्त अनुसूची १ मा नपरेको वस्तुको निकासी भन्सार महसूल आर्थिक ऐन, २०२९ को अनुसूची १ बमोजिम असूल उपर गरिनेछ ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२३

# भन्सार महसूल दरवन्दी

## अनुसूची–२

नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुको भन्सार महसूल दरवन्दी

| संकेत नम्बर | माल वा वस्तुको नाम | इकाई | भारतबाट ए.आर.वन. फाराम बाहेक पैठारी भएको मालमा लाग्ने | | गणतन्त्र चीनको तिब्बत क्षेत्र बाहेक अन्य मुलुकबाट पैठारी भएको मालमा लाग्ने | |
|---|---|---|---|---|---|---|
| | | | पैठारी महसूल दर | मोल माथि लाग्ने सरचार्ज (प्रतिशतमा) | पैठारी महसूल दर | मोल माथि लाग्ने सरचार्ज (प्रतिशतमा) |
| | | | (१) | (२) | (३) | (४) |
| ०५१–०७१ | सुपारी (दक्षिण सुपारी समेत) | किलोग्राम रू. | १५० | | ५।७५ | |
| ११२–०३ (क) | वाइन प्रति प्रूफ स्पिरिट | ग्यालन रू. | १५०।– | ३५ | १५०।– | ३५ |
| | | वा मो.प्र.श. जुन बढी हुन्छ | १०० | ३५ | १०० | ३५ |
| | | | | हजार खिल्ली रू. | | हजार खिल्ली रू. |
| १२२–०२३ | सिगरेट रू. ३४ भन्दा बढी रू. ५० सम्म मोल पर्ने | मो.प्र.श. | २०० | २०।– | २०० | २०।– |
| १२३–०२४ | सिगरेट रू. ५० भन्दा बढी मोल पर्ने | मो.प्र.श. | २५० | २५।– | २५० | २५।– |
| ३१३–०११ | पेट्रोल | लिटर रू. | ।५२ | ।५० | १।५२ | ।५० |
| ६२९–०६१ | पोलिथिन पाइप, सिट चादर | मो.प्र.श. | २ | | २ | |
| ६५१–०६१ | (ख) विस्कोस् रेयन एसिटेड बाहेक अरू कृतिम धागो | | | | | |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (१) ३० देनीयरभन्दा कम्तीमा | मो.प्र.श. | ३ | | १० | |
| | (२) ३० र सोभन्दा बढी तर ७५ देनियरभन्दा कम्ती | मो.प्र.श. | ३ | | १० | |
| | (३) ७५ र सोभन्दा बढी तर ७५० देनीयरभन्दा कम्तीमा | मो.प्र.श. | ३ | | १० | |
| | (४) ७५० र सोभन्दा बढी देनीयरमा | मो.प्र.श. | ३ | | १० | |
| | (घ) कृतिम स्टेपल फाइवर वा सो र अन्य कुनै प्राकृतिक फाइवरको मिसोटबाट बनेको धागो | | | | | |
| | (१) गैर सेलुलोस फाइवर सयकडा ५० वा सोभन्दा बढी भएमा | मो.प्र.श. | ३ | | १० | |
| | (२) सयकडा ५० भन्दा कम्ती सयकडा १० सम्म भएमा | मो.प्र.श. | ३ | | १० | |
| | (३) सयकडा १० भन्दा कम्ती भएमा | मो.प्र.श. | ३ | | १० | |
| ६५३-०९ | अरू किसिमको कपडाहरू अन्यत्र नपरेको लुंगी, तन्ना, पर्दा, केमिकल प्रूफ सूती कपडा ड्रेसिंग क्लथ समेत | मो.प्र.श. | ११ | ५ | २० | ५ |
| ६४१-०३ | साधारण प्याक गर्ने कागज (सलाई प्याक गर्ने ब्ल्यू पेपर, क्राफ्ट पेपर, स्टार पेपर र साबुन प्याक गर्ने आयल पेपर समेत) | मो.प्र.श. | १ | | १ | |
| ७१६-१३ | मेशीन अन्यत्र नपरेको | मो.प्र.श. | १ | | १ | |
| ७१६-१५ | मेशीनका भागहरू, पार्टपूर्जा | मो.प्र.श. | १ | | १ | |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७३२–०२ | (ख) भ्यान (अगाडि सीटमात्र भएको) पिक अप भ्यान, माइक्रोबस, मिनिबस, | मो. प्र. श. | ५० | | ५० | |
| | | वा प्रति गाडी न्यूनतम रू. जुन बढी हुन्छ | ३०००।– | २० | ३०००।– | २० |
| ७३२–०४ | सबै किसिमको बस, ट्रक, मोटरगाडीको स्पेयर इन्जिन र चेसिस | मो. प्र. श. | १७ | १० | २२ | १० |
| ७३२–०५ (क) | सबै किसिमको बलबेरिङ्ग | मो. प्र. श. | १० | १० | ३० | २० |
| ८५१ | जुत्ता जात गैह्र (छालाको बाहेक) | मो. प्र. श. | ११ | | ११ | |
| ८६१–०९ | माइक्रोमिटर, प्रेसगेज, आयलमिटर, ग्यास-मिटर वा यस्तै मिटरहरू | मो. प्र. श. | १० | | १० | |

द्रष्टव्य:– (क) टुरिष्टहरूले (पर्यटक) कार्नेमा ल्याएको गाडी वा मोटरसाइकलमा ६ महीनासम्म अस्थायी पैठारी महसूल लाग्ने छैन र सो अवधिभित्र फिर्ता लैजानु पर्नेछ ।

(ख) भारतीय गाडी बाहेक कार्ने नभएको गाडी वा मोटरसाइकल नेपाल अधिराज्यमा बिक्री गर्न पाइने छैन ।

(ग) कार्ने नभएको गाडी (मोटरकार, स्टेशनवाइगन, ल्याण्डरोभर, जीप, बस) तथा मोटरसाइकल १५ दिन-सम्म अस्थायी महसूल नतिरी नेपाल अधिराज्यमा राख्न पाइनेछ । त्यसपछि २ महीना १५ दिनसम्म प्रत्येक दिन रू. ५।– अस्थायी पैठारी महसूल लिइनेछ । नेपाल अधिराज्यमा अस्थायी पैठारी गरिएको गाडी वा मोटरसाइकल ३ महीनाभन्दा बढी राख्न पाइने छैन ।

(घ) यात्रुहरूले ल्याएका सवारीका साधनहरू बिक्री गरेमा शुरूको मूल्यमा (ओरिजिनल प्राइस) प्रतिवर्षको सयकडा १० प्रतिशतका दरले ह्रास (डिप्रिसिएशन) कटाई सो बाँकी मूल्यमा दरवन्दी बमोजिम भन्सार महसूल लिइनेछ ।

उपर्युक्त अनुसूची २ मा नपरेको वस्तुहरूको पैठारी भन्सार महसूल तथा सरचार्ज आर्थिक ऐन, २०२९ को अनुसूची २ बमोजिम असूल उपर गरिनेछ ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२६

## भन्सार महसूल दरवन्दी

### अनुसची–३

नेपाल अधिराज्यबाट गणतन्त्र चीनको तिब्बत क्षेत्रमा निकासी हुने र सो क्षेत्रबाट नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुको भन्सार महसूल र सरचार्ज आर्थिक ऐन, २०२९ को अनुसूची ३ बमोजिम असूल उपर गरिनेछ ।

## भन्सार महसूल दरवन्दी

### अनुसूची–४

भारतबाट ए. आर. वन. फर्मद्वारा पैठारी हुने मालसामानमा लाग्ने सरचार्ज

| क्रम संख्या | मालको नाम | इकाई | सरचार्जको दर |
|---|---|---|---|
| १. | सबै किसिमको सूती कपडा | | माफी |
| | (क) मोटा कोरा | | " |
| | (ख) मझौला (बी) कोरा | | " |
| | (ग) मोटा धुवा वा रंगाएको | | " |
| | (घ) मझौला (ए) र (बी) धुवा वा रंगाएको | | " |
| | (ङ) मझौला (ए) कोरा | | " |
| २. | अरू किसिमको कपडाहरू अन्यत्र नपरेको, हैण्डलुम कपडा, तन्ना, पर्दा, केमिकल प्रूफ सूती कपडा, ड्रेसिंग क्लथ समेत | | " |
| ३. | चिया | मो.प्र.श. | ५ |

उपर्युक्त अनुसूची ४ मा उल्लेख नभएको माल ए. आर. वन फारामबाट पैठारी भएमा आर्थिक ऐन, २०२९ को अनुसूची ४ बमोजिम असूल उपर गरिनेछ ।

### अनुसूची– ५

खेतीको खूद आय निर्धारण दर

| जग्गाको किसिम | खूद आय प्रति बिगहा |
|---|---|
| अवल | रू. ४००।– |
| द्वयम | रू. ३००।– |
| सीम | रू. २००।– |
| चाहार | रू. १००।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
126

## अनुसूची–६
### घर जग्गा कर

| | | |
|---|---|---|
| रू. ५०,००० सम्म | | केही नलाग्ने |
| त्यसपछि | रू. ५०,००० मा | रू. ५ प्रति हजार |
| त्यसपछि | रू. २,००,००० सम्म | रू. १० प्रति हजार |
| त्यसपछिको | रू. २,००,००० सम्म | रू. १५ प्रति हजार |
| त्यसपछि जतिसुकैमा | | रू. २० प्रति हजार |

## अनुसूची– ७
### रजिष्ट्रेशन दस्तूर

| बिगो अङ्क | राजीनामा | शेषपछिको बक्सपत्र वा अंशवण्डा |
|---|---|---|
| रू. ५०० सम्मको कागजमा | केही नलाग्ने | केही नलाग्ने |
| रू. ५०० देखि माथि रू. २५,००० सम्म | ५ प्रतिशत | ६ प्रतिशत |
| रू. २५,००० देखि माथि रू. ५०,००० सम्म | ६ प्रतिशत | ६ प्रतिशत |
| रू. ५०,००० देखि माथि रू. १,००,००० सम्म | ७ प्रतिशत | ६ प्रतिशत |
| रू. १,००,००० देखि माथि रू. ५,००,००० सम्म | ८ प्रतिशत | ७ प्रतिशत |
| रू. ५,००,००० देखि माथि | १० प्रतिशत | ८ प्रतिशत |

| | |
|---|---|
| अधिकारपत्र (मञ्जूरनामा, अख्तियारनामा) मा बिगो खोल्न नसकिने भएमा | रू. ४००।– |
| कार्यालयलाई घरमा बोलाई कागज पास गर्नेमा | रू. ५००।– |
| बिगो खोल्न नमिल्ने धर्मपुत्र राख्ने लिखतमा | रू. ५२०।– |

## अनुसूची– ८
### सवारी साधन कर

| सवारीको किसिम | वार्षिक करको दर |
|---|---|
| ५० बी. एच. पी. सम्म | रू. ५ प्रति बी. एच. पी. |
| ५० बी. एच. पी. देखि माथि १०० बी. एच. पी. सम्म | रू. ६ प्रति बी. एच. पी. |
| १०० बी. एच. पी. देखि माथि १५० बी. एच. पी. सम्म | रू. ७ प्रति बी. एच. पी. |
| १५० बी. एच. पी. देखिमाथि जुनसुकैमा | रू. ८ प्रति बी. एच. पी. |
| अटोरिक्सा (टेम्पो) | रू. १५०।– |
| मोटरसाइकल, स्कूटर १५० सी. सी. सम्म | रू. ३५।– |
| मोटरसाइकल, स्कूटर १५० सी. सी. देखि माथि | रू. ५०।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– ९
## हातहतियार कर

| सि.नं. | हातहतियारको किसिम | दर्ता गराउँदा अंचलभर | दर्ता गराउँदा अधि-राज्यभर | नवीकरण अंचलभर | नवीकरण अधि-राज्यभर | इजाजत पटक १ को |
|---|---|---|---|---|---|---|
| १. | टोटावाल पिस्तौल, रिवलभर वा राइफल (मिनिएचर बाहेक) | रू. ५० | रू. १०० | रू. २५ | रू. ५० | रू. ५० |
| २. | टोटावाल बन्दूक वा २२ बोर लगायत अन्य मिनिएचर राइफल | रू. ३० | रू. ६० | रू. १५ | रू. ३० | रू. २५ |
| ३. | भरूवा बन्दूक (शटगन) वा पिस्तौल | रू. १५ | रू. २५ | रू. १० | रू. १५ | रू. १० |
| ४. | हवादारी बन्दूक | रू. १० | रू. १५ | रू. १० | रू. १५ | रू. १० |

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

सवारी कर ऐन, २०१८ को दफा ३ र दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०३० साल श्रावण १ गतेदेखि लागू हुने गरी पृथ्वी राजमार्गलाई खण्ड विभाजन गरी देहायको खण्ड खण्डमा प्रत्येक पटक आउँदा जाँदा देहायबमोजिम सवारी कर लाग्ने गरी तोकी दिएको छ ।

| पृथ्वी राजमार्ग | सवारीको किसिम र दर | |
|---|---|---|
| | कार, जीप, स्टेशनवाइगन, | ट्रक, बस, लहरी, टेक्टर, ल्याण्डरोभर, भ्यान, मिनिबस । |
| १. खानीखोला नौबिसे–गजुरी | ४।२५ | ६।५० |
| २. गजुरी – मुगलिङ | ५।२५ | ८।– |
| ३. मुगलिङ – दमौली | ४।७५ | ७।२५ |
| ४. दमौली – पोखरा | ५।५० | ८।२५ |

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

मनोरञ्जन कर ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०३० साल श्रावण १ गतेदेखि लागू हुने गरी प्रवेश शुल्क रू. १।०१ देखि १।५० सम्म भएको टिकटमा प्रवेश शुल्कको शत प्रतिशतका दरले मनोरञ्जन कर लगाउने गरी यो आदेश जारी गरेको छ ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९६८०